स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं: ०७९।८०
च.नं

मितिः २०७९।१२।२३

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/१२/२३)

**पोर्टेबल कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना ।**

हेलम्बु गाउँपालिका सिन्धुपाल्चोकको आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत पोर्ट्रेवल कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम रहेको हुँदा इच्छुक कृषि फर्म, कृषक समुह, कृषि कम्पनी, कृषि बजार समिति तथा कृषि सहकारीलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (बैशाख ०७ गते भित्र) अनुसूची-२ अनुसारको आवेदन र सोही अनुसूचीमा माग गरेको कागजातहरु, अनुसूची-३ अनुसारको व्यवसायिक प्रस्ताव, अनुसूची-४ अनुसारको प्रतिबद्धता पत्र सहित हेलम्बु गाउँपालिकाको कृषि शाखामा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु :

- संस्था दर्ताको प्रमाण पत्र तथा VAT/PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
- नविकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदन ।
- निर्माण गरिने जग्गा आवेदक संस्थाको नाममा भएको वा कम्तीमा १५ वर्षे करार सम्झौता गरी भोगाधिकार गरिने कागजातको सक्कल प्रमाणपत्र ।
- आधिकारिक मान्यता प्राप्त प्राविधिकबाट तयार गरिएको भौतिक पूर्वाधार निर्माण संरचनाको डिजाइन इस्टिमेट ।
- आवश्यक पर्ने मेसिन औजारहरुको हकमा आपूर्तीकर्ताबाट जारी गरिएको प्राविधिक स्पेसिफिकेसन सहितको कोटेशन ।
- आवेदकको तर्फबाट लागत साझेदारी अनुसार लागत जुटाउन सक्ने प्रमाण (लगानी गर्ने प्रतिबद्धता जनाएको बैंक पत्र वा बैंकमा संस्थाको नाममा भएको बैंक मौज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण) ।

...........................

*E-mail: helamburm@gmail.com, Website: www.helambumun.gov.np*